नेपाल सरकार

# भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

धुलिखेल, काभ्रेपलाञ्चोक

# र

# काठमाडौं विश्वविद्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक

## बीच

# प्राज्ञिक तथा शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने सम्बन्धी

# सहमति पत्र

## (Memorandum of Understanding)

## प्रस्तावना

नापनक्सा तथा (भौगोलिक) सूचना प्रविधिमा भईरहेको द्रुततर विकासबाट सिर्जित अवसरलाई समुचित उपयोग गर्दै भूमि र भूमिश्रोतको दीगो उपयोग र व्यवस्थापनबाट राष्ट्रको आर्थिक, सामाजिक र भौतिक पूर्वाधार विकासमा योगदान पुऱ्याउन देशमा नापनक्शा, भौगोलिक सूचना, भूमि व्यवस्थापन र यस सम्बन्धी अध्ययन अनुसन्धानको क्षेत्रमा दक्ष प्राविधिक एवम् प्राज्ञिक जनशक्तिको आवश्यकता टड्कारो रुपमा देखा परेको छ। यी आवश्यकताहरुलाई आत्मसात् गर्दै यस्ता दक्ष एवम् प्राज्ञिक जनशक्ति स्वदेशमै उत्पादन गर्ने उद्देश्य लिई काठमाण्डौ विश्वविद्यालयसँगको सहकार्यमा विगत १२ वर्षदेखि संचालित जियोम्याटिक्स विषयको व्याचलर कोर्ष, विगत ६ वर्षदेखि सहकार्यमा सञ्चालित मास्टर इन ल्याण्ड एडमिनिस्ट्रेसन कोर्ष तथा विगत ४ वर्षदेखि सञ्चालित डिप्लोमा इन जियोम्याटिक्स इञ्जिनियरिङ्ग कोर्ष सञ्चालनमा रहेका छन। यस सहकार्यबाट उत्पादित जनशक्ति गुणस्तरीय रहेको एवम् सहकार्यवाट अपेक्षित उपलव्धीहरु हासिल भएको देखिएको छ। संघीयताको मर्म बमोजिम नापनक्सा तथा जग्गा प्रशासन कार्यका लागि ठूलो संख्यामा जनशक्ति आवश्यक देखिएकाले यस सहकार्यलाई निरन्तरता दिन आवश्यक देखिएको छ। यस सन्दर्भमा नेपाल सरकार (मा. मन्त्रीस्तर) को मिति २०७६।०३।०६ को निर्णय बमोजिम नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र (यस पछि केन्द्र भनिएको) र काठमाडौं विश्वविद्यालय (यस पछि विश्वविद्यालय भनिएको) वीच यो सहमती पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गरी लागू गरेका छौं।

### १. सहमति पत्रको संक्षिप्त नाम र प्रारम्भ

(१) यस सहमति पत्रको नाम "भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र काठमाडौं विश्वविद्यालयको सहकार्यमा प्राज्ञिक तथा शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने सम्बन्धी सहमति पत्र" रहेको छ।

(२) यो सहमति पत्र दुबै पक्षबाट हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ।

### २. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस सहमति पत्रमा

(क) "मन्त्रालय" भन्नाले नेपालीमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, अंग्रेजीमा Ministry of Land Management, Cooperatives and Poverty Alleviation र छोटकरीमा MoLMCPA भन्ने सम्झनु पर्छ।

(ख) "केन्द्र" भन्नाले नेपालीमा भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, अंग्रेजीमा Land Management Training Center र छोटकरीमा LMTC भन्ने सम्झनु पर्छ।

(ग) "विश्वविद्यालय" भन्नाले नेपालीमा काठमाडौं विश्वविद्यालय, अंग्रेजीमा Kathmandu University र छोटकरीमा KU भन्ने सम्झनु पर्छ।

(घ) "दुवै पक्ष" भन्नाले भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र काठमाडौं विश्वविद्यालय भन्ने सम्झनु पर्छ।

(ङ) "सहमति पत्र" भन्नाले भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र र काठमाडौं विश्वविद्यालय बीच भएको Memorandum of Understanding र छोटकरीमा MoU भन्ने सम्झनु पर्छ।

(च) "कोर्षहरु" भन्नाले नेपालीमा डिप्लोमा इन जियोम्याटिक्स इञ्जिनियरिङ्ग, ब्याचलर अफ इञ्जिनियरिङ्ग इन जियोम्याटिक्स इञ्जिनियरिङ्ग, मास्टर इन ल्याण्ड एडमिनिस्ट्रेसन र मास्टर अफ इञ्जिनियरिङ्ग इन जियोइन्फर्मेटिक्स र अंग्रेजीमा Diploma in Geomatics Engineering, Bachelor of Engineering in Geomatics Engineering, Master in Land Administration र Master of Engineering in Geoinformatics भन्ने सम्झनु पर्छ।

(छ) "ब्याच" भन्नाले प्रत्येक कोर्षमा एक पटकमा भर्ना लिईने विद्यार्थीहरुको समूहलाई सम्झनु पर्छ र अंग्रेजीमा Batch बुझ्नु पर्छ ।

(ज) "सेमेस्टर" भन्नाले ६ महिने अवधिको प्राज्ञिक कार्यक्रम र अंग्रेजीमा Semester भन्ने सम्झनु पर्छ।

(झ) "निर्देशक समिति" भन्नाले यस सहमति पत्रको दफा ७ बमोजिम गठन हुने समिति सम्झनु पर्छ।

३. भाषा र अनुवाद

(१) यो सहमति पत्र नेपाली भाषामा तयार गरिएको छ। तर डाटा, चिठ्ठीपत्र तथा प्राविधिक सूचनाको आदान प्रदान नेपाली वा अंग्रेजी भाषामा गर्न सकिनेछ।

(२) यो सहमति पत्रमा उल्लेखित दफाहरुमा कुनै कानुनी द्विविधा उत्पन्न भएमा प्रचलित कानुन बमोजिम हुनेछ।

४. कार्य क्षेत्र:

यस सम्झौता पत्रको कार्यक्षेत्र देहाय बमोजिमको आधारमा देहाय बमोजिम कोर्षहरु संचालन गर्ने रहेको छ :

(१) विश्वविद्यालयले ब्याचलर अफ इञ्जिनियरिङ्ग इन जियोम्याटिक्स इञ्जिनियरिङ्गमा प्रत्येक वर्ष एक ब्याच विद्यार्थी भर्ना लिने तथा मास्टर इन ल्याण्ड एडमिनिस्ट्रेसन र मास्टर अफ इञ्जिनियरिङ्ग इन जियोइन्फर्मेटिक्समा चार ब्याच विद्यार्थी भर्ना लिने गरी कोर्ष सञ्चालन गर्ने।

साथै, केन्द्रले डिप्लोमा इन जियोम्याटिक्स इञ्जिनियरिङ्गमा वार्षिक एक ब्याचमा विद्यार्थी भर्ना लिने गरी कोर्ष सञ्चालन गर्ने।

(२) प्रति ब्याच डिप्लोमा इन जियोम्याटिक्स इञ्जिनियरिङ्गमा ४८ जना, ब्याचलर अफ इञ्जिनियरिङ्ग इन जियोम्याटिक्स इञ्जिनियरिङ्गमा ६० जना, मास्टर इन ल्याण्ड एडमिनिस्ट्रेसन तथा मास्टर अफ इञ्जिनियरिङ्ग इन जियोइन्फर्मेटिक्समा १०/१० जना विद्यार्थी भर्ना लिइनेछ। कोर्षहरुमा शुरु प्रवेशको लागि आवश्यक योग्यता विश्वविद्यालयको निर्धारित मापदण्ड बमोजिम हुनेछ।

(३) आरक्षण तथा नेपाल सरकारबाट छात्रवृत्तिको व्यवस्थाः
उल्लेखित कोर्षहरु संचालनको लागि देहाय बमोजिमको आरक्षण एवम् छात्रवृत्तिको व्यवस्था गरिएको छ।

(क) डिप्लोमा इन जियोम्याटिक्स इञ्जिनियरिङ्ग

(१) डिप्लोमा इन जियोम्याटिक्स इञ्जिनियरिङ्गमा देहाय बमोजिम विद्यार्थी भर्ना गरी कोर्ष सञ्चालन गरिनेछ।

| सि.न. | विवरण | विद्यार्थी संख्या | छात्रवृत्ति |
|---|---|---|---|
| १ | खुल्लाबाट प्रादेशिक संरचना अनुसार प्रत्येक प्रदेशबाट ४ (चार) जना | २८ | केन्द्रले तोके बमोजिम |
| २ | समावेशी समुहबाट<br>(१) महिला — ५(पाँच) जना<br>(२) आदिबासी जनजाती —५(पाँच) जना<br>(३) मधेशी — ४(चार) जना<br>(४) दलित — २(दुइ) जना<br>(५) पिछडिएको क्षेत्र — २(दुइ) जना | १८ | केन्द्रले तोके बमोजिम |
| ३ | प्रवेश परीक्षा उत्तीर्ण गरेका निजामती कर्मचारीहरु मध्येबाट योग्यताक्रमका आधारमा २(दुइ) जना | २ | १००% छात्रवृत्ति |

(२) प्रादेशिक संरचना अनुसार तथा कुनै समावेशी समूहबाट विद्यार्थी छनौट हुन नसकेमा संघीय रुपमा सो संख्यालाई खुल्ला समूह मानी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारहरु मध्येबाट छनौट गरिने छ।

(ख) ब्याचलर अफ इञ्जिनियरिङ्ग इन जियोम्याटिक्स इञ्जिनियरिङ्ग

(१) ब्याचलर अफ इञ्जिनियरिङ्ग इन जियोम्याटिक्स इञ्जिनियरिङ्गमा देहाय बमोजिम विद्यार्थी भर्ना गरी कोर्ष सञ्चालन गरिनेछ।

| सि.न. | विवरण | विद्यार्थी संख्या | छात्रवृत्ति |
|---|---|---|---|
| १ | विश्वविद्यालय कोटा | ६ जना | - |
| २ | नेपाल ईन्जिनियरिङ्ग सेवा, सर्भे समूहका कर्मचारीहरु मध्ये केन्द्रद्वारा सिफारिस तथा विश्वविद्यालयको प्रवेश परीक्षा उत्तीर्ण निजामती कर्मचारीहरु | ४ जना | कूल शुल्क (धरौटी बाहेक) को १००% नेपाल सरकारबाट छात्रवृत्ति |
| ३ | विश्वविद्यालयको प्रवेश परीक्षा उत्तीर्ण आवेदनकर्ताहरु मध्ये प्रत्येक प्रदेशबाट समावेशीताका आधारमा देहाय बमोजिम ३ जनाका दरले<br>• महिला-१<br>• आदिवासी जनजाती/दलित/मधेशी-१<br>• पिछडिएको क्षेत्र / आर्थिक रुपमा विपन्न -१ | जना २१ | कुल शुल्क (धरौटी बाहेक) को ३५% नेपाल सरकारबाट छात्रवृत्ति |
| ४ | विश्वविद्यालयको प्रवेश परीक्षा उत्तीर्ण आवेदनकर्ताहरु मध्ये प्रत्येक प्रदेशबाट ३ जनाका दरले खुल्ला योग्यताक्रमका आधारमा | २१ जना | - |
| ५ | विश्वविद्यालयद्वारा सञ्चालित प्रवेश परीक्षाको खुल्ला योग्यताक्रमका आधारमा व्याचलर अफ इञ्जिनियरिङ्ग इन जियोम्याटिक्स इञ्जिनियरिङ्ग पढ्न चाहने आवेदनकर्ताहरुबाट | ८ जना | - |
| | जम्मा | ६० जना | |

(२) दफा ४ को उपदफा (३)(ख)(१) को तालिकाको सि.न. २ मा व्यवस्था भए बमोजिम निजामती कर्मचारीहरुलाई आरक्षित कोटा संख्या खाली हुन आएमा, खाली हुन आएको सिट विश्वविद्यालयद्वारा सञ्चालित प्रवेश परीक्षाको खुल्ला योग्यताक्रमका आधारमा व्याचलर अफ इञ्जिनियरिङ्ग इन जियोमेटिक्स इञ्जिनियरिङ्ग पढ्न चाहने आवेदनकर्ताहरुलाई वितरण गरिनेछ। तर सो अनुसार भर्ना भएको विद्यार्थीले निजामती कर्मचारीलाई उपलब्ध छात्रवृत्ति प्राप्त गर्ने छैन।

(३) दफा ४ को उपदफा (३)(ख)(१) को तालिकाको सि.न. ३ बमोजिम प्रदेशको छात्रवृत्ति कोटामा विद्यार्थी भर्ना हुन नआएमा त्यस्तो रित्त संख्यामा प्रवेश परीक्षा उतीर्ण गरी छनौट हुने योग्यताक्रमका आधारमा अन्य प्रदेशका सोही आरक्षण समूहका विद्यार्थीलाई जम्मा

२१ जनामा नबढ्ने गरी छात्रवृत्ति कोटा वितरण गर्न सकिनेछ। अन्य प्रदेशबाट सोही आरक्षण समूहको उम्मेदवार उपलब्ध नभएमा अन्य आरक्षण समूहहरु मध्ये वा सो पनि नभएमा एकमुष्ट योग्यताक्रम अनुसार छनौट गरिनेछ ।

(४) दफा ४ को उपदफा (३)(ख)(१) को तालिकाको सि.न. ३ बमोजिम प्रदेश कोटाको छात्रवृत्ति प्राप्त गरेका कुनै विद्यार्थीले बीचैमा अध्ययन छाडेमा वा निष्काशन भएमा उक्त छात्रवृत्ति कोटा छात्रवृत्ति प्राप्त नगरेको मध्ये योग्यताक्रममा रहेका सोही प्रदेशको अर्को विद्यार्थीलाई बाँकी अवधिको छात्रवृत्ति वितरण गर्न सकिनेछ।

(५) उपदफा (३)(ख)(४) अनुसार सोही प्रदेशको अर्को विद्यार्थी नभएमा, छात्रवृत्ति कोटा छात्रवृत्ति प्राप्त नगरेको मध्ये योग्यताक्रममा रहेका अन्य प्रदेशको छात्रवृत्ति प्राप्त नगरेको अर्को विद्यार्थीलाई बाँकी अवधिको छात्रवृत्ति वितरण गर्न सकिनेछ।

(६) दफा ४ को उपदफा (३)(ख)(१) को तालिकाको सि.न. ४ बमोजिम कुनै प्रदेशको खुल्ला कोटामा भर्ना हुन नआएमा त्यस्तो रिक्त संख्या प्रवेश परीक्षा उत्तीर्ण गरी छनौट हुने योग्यताक्रमका आधारमा अन्य प्रदेशका विद्यार्थीलाई भर्ना गर्न सकिनेछ।

(७) उपदफा (३)(ख)(१) अनुसार कूल शूल्क र प्रति वर्ष लाग्ने आर्थिक श्रोतको आँकलन अनुसूची-१ बमोजिम हुनेछ।

(८) उपदफा (३)(ख)(७) अनुसार लाग्ने छात्रवृत्ति रकम नेपाल सरकारबाट वार्षिक रुपमा वार्षिक कार्यक्रम वजेटका आधारमा विनियोजन हुनेछ।

(९) यो छात्रवृत्ति योजना आ.व. २०७६/०७७ देखि लागू हुने गरी ४ ब्याच विद्यार्थीहरु उत्पादन गर्नका लागि लागू हुनेछ।

(ग) <u>मास्टर इन ल्याण्ड एडमिनिस्ट्रेसन तथा मास्टर अफ इञ्जिनियरिङ्ग इन जियोइन्फर्मेटिक्स</u>

(१) निजामती कर्मचारीहरु मध्ये केन्द्रद्वारा सिफारिस तथा विश्वविद्यालयको प्रवेश परीक्षा उतीर्ण मास्टर इन ल्याण्ड एडमिनिस्ट्रेसन तथा मास्टर अफ इञ्जिनियरिङ्ग इन जियोइन्फर्मेटिक्स पढ्न चाहने ५/५ जना वा दुबै कार्यक्रममा गरी वढीमा १० जना निजामती कर्मचारीहरुलाई विश्वविद्यालयको नियमानुसार लाग्ने कूल शूल्कको १००% रकम नेपाल सरकारबाट छात्रवृत्ति उपलब्ध गराइनेछ।

(२) उपदफा (३)(ग)(१) अनुसार कूल शुल्क र प्रति वर्ष लाग्ने आर्थिक श्रोतको आँकलन अनुसूची-२ बमोजिम हुनेछ।

(३) उपदफा (३)(ग)(२) अनुसार लाग्ने छात्रवृत्ति रकम नेपाल सरकारबाट वार्षिक रुपमा वार्षिक कार्यक्रम वजेटका आधारमा विनियोजन हुनेछ।

(४) यो छात्रवृत्ति योजना आ.व. २०७६/०७७ देखि भर्ना हुने ४ ब्याच विद्यार्थीहरु उत्पादन गर्नका लागि लागू हुनेछ।

## ५. केन्द्रको जिम्मेवारी

(१) विश्वविद्यालयले तोकेको मापदण्ड अनुसार केन्द्रले डिप्लोमा इन जियोम्याटिक्स इञ्जिनियरिङ्ग कोर्षको सैद्धान्तिक र अभ्यास कक्षा सञ्चालनका लागि कक्षा कोठा, प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, फिल्डकार्य, प्रोजेक्ट कार्य र अभ्यास कार्य सञ्चालन गर्न आवश्यक पर्ने यन्त्र उपकरण लगायतका प्रशिक्षण सामाग्रीहरुको व्यवस्था गर्नेछ। सोको निरीक्षण तथा अनुगमन विश्वविद्यालयले गर्नेछ।

(२) विश्वविद्यालयले केन्द्रसंग व्याचलर तथा मास्टर कोर्षको फिल्डकार्य, प्रोजेक्ट कार्य र अभ्यास कार्य सञ्चालन गर्न सर्भे सम्बन्धी यन्त्र उपकरणहरु माग गरेमा अनुसुची-३ मा उल्लेखित शूल्क लिई विश्वविद्यालयलाई दैनिक भाडामा उपलव्ध गराउनेछ।

(३) केन्द्रका यन्त्र उपकरण र पुस्तकालय प्रयोग गर्न चाहने विद्यार्थीहरुको धरौटी वापतको रकम (पछि फिर्ता हुने गरी) विश्वविद्यालयबाट प्राप्त भएपछि केन्द्रले ती विद्यार्थीहरुलाई यन्त्र उपकरण/प्रयोगशाला/पुस्तकालय प्रयोग गर्न दिनेछ।

(४) विश्वविद्यालयले व्याचलर अफ इञ्जिनियरिङ्ग इन जियोम्याटिक्स इञ्जिनियरिङ्ग र मास्टर कोर्षको अध्यापनका लागि केन्द्रसंग विज्ञ जनशक्ति माग गरेमा केन्द्रले त्यस्तो विज्ञ जनशक्तिलाई विश्वविद्यालयबाट नियमानुसार पारिश्रमिक, दैनिक तथा भ्रमण भत्ता लगायतका सुविधा उपलब्ध हुने गरी खटाउन सक्नेछ ।

(५) विश्वविद्यालयले माग गरेको छात्रवृत्ति रकम, दफा १० बमोजिमको प्रगति प्रतिवेदन र अन्य आधार प्रमाणहरु चेकजाँच गरी विश्वविद्यालयले प्रयोग गरेको यन्त्र उपकरण लगायतका शुल्क भए सो समेत कट्टा गरी बाँकी छात्रवृत्ति रकम केन्द्रले वार्षिक रुपमा विश्वविद्यालयलाई भुक्तानी गर्नेछ।

(६) कोर्ष संचालनका क्रममा कोर्षसंग सम्बन्धित विषयमा केन्द्रले तेश्रो पक्षसँग सहकार्य गरी अध्ययन अनुसन्धान कार्य गरेमा विश्वविद्यालयका सम्बन्धित विज्ञ पदाधिकारीलाई आवश्यकता अनुसार संलग्न गराउनु पर्नेछ।

(७) डिप्लोमा कार्यक्रमको प्रवेश परीक्षा सञ्चालन र छनौट तथा सेमेष्टर परीक्षा सञ्चालन र नतिजा प्रकाशनमा विश्वविद्यालयको निर्धारित मापदण्ड अनुसार केन्द्रले आवश्यक सहयोग गर्नेछ।

(८) केन्द्रले विश्वविद्यालयसंग सहकार्यमा सञ्चालित कोर्षहरुमा समन्वय गर्न एक जना कोर्ष संयोजक तोक्नेछ।

(९) केन्द्रले विश्वविद्यालयसंगको सहकार्यमा सञ्चालित व्याचलर अफ इञ्जिनियरिङ्ग इन जियोम्याटिक्स इञ्जिनियरिङ्ग, मास्टर इन ल्याण्ड एडमिनिस्ट्रेसन तथा मास्टर अफ इञ्जिनियरिङ्ग इन जियोइन्फर्मेटिक्स कोर्षहरु संचालनका क्रममा आवश्यकता अनुसार सुझावहरु प्रदान गर्न सक्नेछ।

## ६. विश्वविद्यालयको जिम्मेवारी

(१) विश्वविद्यालयले व्याचलर अफ इञ्जिनियरिङ्ग इन जियोम्याटिक्स इञ्जिनियरिङ्ग, मास्टर इन ल्याण्ड एडमिनिस्ट्रेसन तथा मास्टर अफ इञ्जिनियरिङ्ग इन जियोइन्फर्मेटिक्सका सैद्धान्तिक र अभ्यास कक्षा सञ्चालनका लागि कक्षा कोठा, प्रयोगशाला, पुस्तकालय, इन्टरनेट, फिल्डकार्य, प्रोजेक्ट कार्य सञ्चालन गर्न आवश्यक पर्ने यन्त्रउपकरण लगायतका सामाग्रीको व्यवस्था गर्नेछ। तर कोर्ष सञ्चालनका लागि विश्वविद्यालयमा कुनै यन्त्र उपकरण उपलव्ध नभई सो यन्त्र उपकरण आवश्यक पर्ने भएमा अनुसूची-३ मा उल्लेखित यन्त्र उपकरण केन्द्रसंग भाडामा लिई प्रयोग गर्न सक्नेछ। भाडामा लिइएका यन्त्र उपकरणको सुरक्षा र संरक्षण गर्नु विश्वविद्यालयको जिम्मेवारी हुनेछ। भाडा वापतको रकम विश्वविद्यालयलाई उपलव्ध गराइने छात्रवृत्ति रकम मध्येवाट कट्टा गरी केन्द्रले नेपाल सरकारको राजश्व खातामा दाखिला गर्नुपर्नेछ।

(२) विश्वविद्यालयले कोर्ष सञ्चालनका लागि आवश्यक पर्ने विज्ञ जनशक्तिको व्यवस्था आफैले गर्नेछ।

(३) व्याचलर र मास्टर्स कोर्षहरुको सञ्चालन गर्ने सम्पूर्ण जिम्मेवारी विश्वविद्यालयको हुनेछ। कोर्षको फिल्ड कार्य सञ्चालन गर्न फिल्ड क्याम्प प्रमुख र विज्ञ जनशक्ति विश्वविद्यालयले व्यवस्था गर्नेछ। तर विश्वविद्यालयलाई आवश्यक भएमा विज्ञ जनशक्ति केन्द्रसंग समेत माग गर्न सक्नेछ। केन्द्रले माग वमोजिमको विज्ञ जनशक्ति विश्वविद्यालयलाई उपलब्ध गराउनेछ। त्यसरी खटाइएको विज्ञ जनशक्तिको पारिश्रमिक तथा भत्ता विश्वविद्यालयले विश्वविद्यालयको नियमनुसार भुक्तानी गर्नुपर्नेछ।

(४) व्याचलर अफ इञ्जिनियरिङ्ग इन जियोम्याटिक्स इञ्जिनियरिङ्ग, मास्टर इन ल्याण्ड एडमिनिस्ट्रेसन तथा मास्टर अफ इञ्जिनियरिङ्ग इन जियोइन्फर्मेटिक्सको हकमा विश्वविद्यालयले प्रवेश परीक्षा सञ्चालन र छनौट, आन्तरिक र सेमेष्टर परीक्षा सञ्चालन र नतिजा प्रकाशन एवं दीक्षान्त समारोह आयोजना गर्नेछ।

नेपाल सरकार ... भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र, धुलिखेल, काभ्रेपलाञ्चोक

काठमाडौं विश्वविद्यालय KATHMANDU UNIVERSITY २०४८ - 1991

(५) डिप्लोमा इन जियोम्याटिक्स इञ्जिनियरिङ्गको सेमेस्टर परीक्षा सञ्चालन, मुल्याङ्कन तथा नतिजा प्रकाशन विश्वविद्यालयले गर्नेछ। डिप्लोमा इन जियोम्याटिक्स इञ्जिनियरिङ्गको प्रवेश परीक्षा केन्द्रले सञ्चालन गर्नका लागि विश्वविद्यालयले आवश्यक मापदण्ड तयार गर्नु पर्नेछ।

(६) व्याचलर अफ इञ्जिनियरिङ्ग इन जियोम्याटिक्स इञ्जिनियरिङ्ग कोर्षमा अध्ययनरत विद्यार्थीहरुले केन्द्रको यन्त्र उपकरण र पुस्तकालय प्रयोग गर्न चाहेमा प्रति विद्यार्थी अनुसूची-४ मा उल्लेखित धरौटी वापतको रकम विश्वविद्यालयले केन्द्रलाई उपलव्ध गराउनुपर्नेछ।

(७) कोर्ष सञ्चालनका क्रममा कोर्षसंग सम्वन्धित विषयमा विश्वविद्यालय वा विश्वविद्यालय अन्तर्गतको स्कूल अफ इञ्जिनियरिङ्ग वा जियोम्याटिक्स इञ्जिनियरिङ्ग विभागले तेश्रो पक्षसंग सहकार्य गरी अध्ययन अनुसन्धान कार्य गरेमा केन्द्रका विज्ञ पदाधिकारीलाई आवश्यकतानुसार संलग्न गराउन सकिनेछ।

(८) विश्वविद्यालयले डिप्लोमा इन जियोम्याटिक्स इञ्जिनियरिङ्ग कोर्षमा अध्ययनरत विद्यार्थीलाई अन्य विद्यार्थी सरह धुलिखेल अस्पताल (विश्वविद्यालयको शिक्षण अस्पताल) मा स्वास्थ्य वीमा उपलव्ध गराउनेछ। साथै केन्द्रमा कार्यरत इच्छुक कर्मचारीलाई विश्वविद्यालयका कर्मचारी सरह स्वास्थ्य वीमा योजनामा समावेश गर्नेछ।

(९) विश्वविद्यालयले केन्द्रसंग छात्रवृत्ति रकमको भुक्तानी माग गर्दा सहमती पत्रको दफा १० बमोजिमको प्रगति प्रतिवेदन संलग्न गर्नुपर्नेछ।

(१०) केन्द्रबाट प्राप्त छात्रवृति रकम सम्बन्धित विद्यार्थीको शुल्कमा समायोजन भएको विवरण केन्द्रबाट भुक्तानी प्राप्त भएको मितिले १ महिनाभित्र विश्वविद्यालयले केन्द्रलाई उपलब्ध गराउनुपर्नेछ।

(११) केन्द्रका कर्मचारीहरुलाई विश्वविद्यालयका कर्मचारी सरह प्रयोगशाला र पुस्तकालय सुविधा उपलव्ध गराउनु पर्नेछ ।

(१२) भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय मातहत र भूमि व्यवस्थापन प्रशिक्षण केन्द्रमा कार्यरत कर्मचारीहरुलाई नापनक्शा, भूमि व्यवस्थापन वा सोसंग सम्वन्धित विषयमा विद्यावारिधी (PhD) गर्न विश्वविद्यालयका प्राध्यापक वा कर्मचारीहरु सरह सुविधा प्रदान गराउनुपर्नेछ।

(१३) केन्द्रले सञ्चालन गरेको डिप्लोमा इन जियोम्याटिक्स इञ्जिनियरिङ्ग कोर्षको निरीक्षण तथा अनुगमन विश्वविद्यालयले गर्नेछ।

(१४) डिप्लोमा इन जियोम्याटिक्स इञ्जिनियरिङ्ग कोर्ष संचालनका लागि विश्वविद्यालयले Department of Geomatics Engineering को प्रमुखको अध्यक्षतामा केन्द्रको कोर्ष-संयोजक सदस्य-सचिव रहनेगरी बढीमा ९ सदस्यीय एक छुट्टै विषय समिति (Subject Committee) गठन गर्नेछ। उक्त समितिले डिप्लोमा इन जियोम्याटिक्स इञ्जिनियरिङ्ग कोर्षको विद्यार्थी छनौट मापदण्ड तथा पठनपाठन हुने विषयको पाठ्यक्रम तयार गर्नुका साथै परीक्षा सञ्चालनको मापदण्ड तयार पार्नेछ। समितिमा आवश्कतानुसार सम्बन्धित विषय विज्ञहरु स्कूल अफ इञ्जिनियरिङ्गका डीनले नियुक्त गर्नुपर्नेछ।

(१५) डिप्लोमा कार्यक्रम संचालनका लागि दिईने स्वीकृती विद्यमान कानुन र विश्वविद्यालयको मौजुदा प्रावधान बमोजिम हुनेछ।

## ७. निर्देशक समिति

दुवै पक्षको सहकार्यमा संचालन हुने कोर्षको व्यवस्थापन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ।

(क) रजिष्ट्रार, काठमाडौं विश्वविद्यालय — संयोजक

(ख) कार्यकारी निर्देशक, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र — सदस्य

(ग) डिन, स्कूल अफ इञ्जिनियरिङ्ग, काठमाडौं विश्वविद्यालय — सदस्य

(घ) निर्देशक (कोर्ष-संयोजक), भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र — सदस्य

(ङ) प्रमुख, जियोम्याटिक्स इञ्जिनियरिङ्ग विभाग, काठमाडौं विश्वविद्यालय —सदस्य-सचिव

## ८. निर्देशक समितिको काम, कर्तव्य र अधिकार

(१) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) कोर्षहरुको सैद्धान्तिक कक्षा, अभ्यास कार्य, फिल्ड कार्य र प्रोजेक्ट कार्य सञ्चालन सम्बन्धी आधार र मापदण्ड तर्जुमा गरी लागू गर्ने,

(ख) कोर्ष सञ्चालन गर्ने क्रममा कुनै समस्या आएमा सोको निराकरण गर्ने,

(ग) समयानुकूल कोर्षहरुको पाठ्यक्रममा संशोधन तथा परिमार्जन गर्न आवश्यक देखिएमा कार्यदल गठन गरी प्रतिवेदन लिने,

(घ) कार्यदलबाट प्राप्त प्रतिवेदन उपयुक्त देखिएमा विश्वविद्यालयको नियमानुसार पाठ्यक्रम परिमार्जनका लागि विश्वविद्यालयमा सिफारिस गर्ने,

(ङ) कोर्षहरुमा अध्ययनका लागि विद्यार्थी भर्ना भए पश्चात छात्रवृत्ति प्राप्त गरेको कुनै विद्यार्थीले बीचैमा अध्ययन छाडेमा वा निष्काशन भई छात्रवृत्तिको कोटा रिक्त हुन गएमा दफा ४ अनुसार अर्को विद्यार्थीलाई छात्रवृत्तिमा सिफारिश गर्ने।

(च) समितिको बैठक आवश्यक अनुसार बस्नेछ। एक बैठक र अर्को बैठक बीचको अन्तरको समयावधी छ महिना भन्दा बढी हुने छैन। समितिको बैठक आवश्यकता अनुसार विश्वविद्यालय वा केन्द्रमा बस्ने छ। बैठकको भत्ता समितिको बैठक विश्वविद्यालयमा बस्दा विश्वविद्यालयले र केन्द्रमा बस्दा केन्द्रले उपलव्ध गराउनेछ।

(छ) समितिको बैठकमा आवश्यकता अनुसार दुवै पक्षका विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

## ९. सहमति पत्र लागू हुने अवधि

(१) यो सहमति पत्र आ.व. २०७६/०७७ देखिं लागू हुने गरी ४ ब्याच सम्म भर्ना हुने विद्यार्थीका लागि लागू हुनेछ।

(२) कोर्षहरुबाट प्राप्त उपलव्धि र आवश्यकतालाई मूल्याङ्कन गरी दुवै पक्षको सहमतिमा समयावधि थप गर्न सकिनेछ।

## १०. प्रगति प्रतिवेदन

विश्वविद्यालयले सहकार्यमा संचालित कोर्षहरु अध्ययनका लागि तोकिएको शुल्क, कोर्षमा अध्ययन गर्न चाहने विद्यार्थीहरुको प्रवेश परीक्षामा उत्तीर्ण आवेदकहरुको योग्यताक्रम, प्रदेश अनुसार उत्तीर्ण आवेदकहरुको योग्यताक्रम, प्रदेश अनुसार छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामावली, कोर्षमा अध्ययनरत सम्पूर्ण विद्यार्थीले प्रत्येक सेमेष्टरमा प्राप्त गरेको ग्रेड र प्राप्ताङ्क सम्बन्धी विवरण, अन्य कोर्षमा स्थानान्तरण गरेमा वा अध्ययन बीचैमा छाडेमा सोको विवरण, कोर्ष संचालनको प्रगति विवरण लगायतका विषयहरु संलग्न गरी वार्षिक प्रगति प्रतिवेदन केन्द्रलाई उपलव्ध गराउनु पर्नेछ।

## ११. कार्यविधि निर्माण

यो सहमति पत्रमा भएको प्रावधानहरुलाई कार्यान्वयनमा ल्याउन यसै सहमति पत्रको अधिनमा रही दुवै पक्षको सहमतिमा आवश्यक कार्यविधि बनाई लागू गर्न सकिनेछ।

१२. विवाद र समाधान

यदि दुवै पक्ष बीच कुनै विवाद वा द्विविधा उत्पन्न भएमा सोको समाधान आपसी सहमतिबाट गरिनेछ। त्यस्तो विवाद आपसी सहमतिबाट समाधान हुन नसकेमा प्रचलित कानून अनुसार हुनेछ।

१३. यो सहमति पत्रमा उल्लेखित दफाहरुमा मञ्जूर गरी लागू गर्न दुवै पक्ष सहमत भै सहीछाप गरी एक-एक प्रति लियौं दियौं।

केन्द्रको तर्फबाट

हस्ताक्षरः

नामः गणेशप्रसाद भट्ट

पदः कार्यकारी निर्देशक

मितिः २०६३।३।९

कार्यालयको छाप

रोहवर

मन्त्रालयको प्रतिनिधी

हस्ताक्षरः

नामः जनकराज जोशी

पदः सह-सचिव

साक्षी

हस्ताक्षरः

नामः टंकप्रसाद दाहाल

पदः निर्देशक

विश्वविद्यालयको तर्फबाट

हस्ताक्षरः

नामः प्रा.डा. सुबोध शर्मा

पदः रजिष्ट्रार

मितिः २०६३।३।९

कार्यालयको छाप

रोहवर

हस्ताक्षरः

नामः प्रा.डा. हरिप्रसाद न्यौपाने

पदः का. मु. डीन, स्कूल अफ इञ्जिनियरिङ्ग

साक्षी

हस्ताक्षरः

नामः उमा शंकर पाण्डे

पदः संयोजक, जियोम्याटिक्स इञ्जिनियरिङ्ग विभाग

अनुसुची-१

(सहमति पत्रको दफा ४ को उपदफा (३)(ख)(७) संग सम्बन्धित)

## व्याचलर अफ इञ्जिनियरिङ्ग इन जियोम्याटिक्स इञ्जिनियरिङ्गमा छात्रवृत्ति रकमको अनुमानित आर्थिक स्रोत आँकलन र व्यवस्थापन सम्बन्धि

(१) चार वर्षे अवधिको व्याचलर अफ इञ्जिनियरिङ्ग इन जियोम्याटिक्स इञ्जिनियरिङ्ग कोर्षको अध्ययनका लागि पहिलो व्याचका लागि लाग्ने शुल्क प्रति विद्यार्थी कूल रू. ७५०,०००/- (अक्षरेपी सात लाख पचास हजार मात्र) (धरौटी रकम बाहेक) हुनेछ। आगामी व्याच देखि कोर्षको शुल्कमा हुने परिवर्तन विश्वविद्यालयको नियमानुसार हुनेछ।

(२) यस सहमति पत्र अनुसार ४ ब्याच सञ्चालन गर्न प्रति वर्ष आवश्यक पर्ने छात्रवृत्ति रकम देहाय बमोजिम आँकलन गरिएकोछ।

| आ. व. | शुल्कको अनुमानित जम्मा लागत (रु हजारमा) | केन्द्रले छात्रवृत्ति वापत भुक्तानी गर्ने (रु हजारमा) | विश्वविद्यालयले विद्यार्थीबाट संकलन गर्ने (रु हजारमा) |
|---|---|---|---|
| २०७६/०७७ | १६,२०० | ३,०६४ | १३,१३५ |
| २०७७/०७८ | २६,१०० | ४,९३७ | २१,१६२ |
| २०७८/०७९ | ३६,००० | ६,८१० | २९,१९० |
| २०७९/०८० | ४५,९०० | ८,६८२ | ३७,२१७ |
| २०८०/०८१ | २९,७०० | ५,६१८ | २४,०८१ |
| २०८१/०८२ | १९,८०० | ३,७४५ | १६,०५४ |
| २०८२/०८३ | ९,९०० | १,८७२ | ८,०२७ |
| कूल जम्मा | १८३,६०० | ३४,७२८ | १४८,८६६ |

(३) केन्द्रले यन्त्र उपंकरण/प्रयोगशाला/पुस्तकालय शुल्क, धरौटी वापतको रकम र यन्त्र उपकरण मर्मत गर्दाको खर्च वा मर्मत नहुने अवस्थामा यन्त्र उपकरणको कूल लागत वापतको रकम कट्टा गर्नु पर्ने भएमा भुक्तानी गरिने कूल छात्रवृत्ति रकमबाट कट्टागरी बाँकी रकम विश्वविद्यालयलाई भुक्तानी गर्नेछ।

अनुसुची-२

(सहमति पत्रको दफा ४ को उपदफा (३)(ग)(२) संग सम्वन्धित)

मास्टर इन ल्याण्ड एडमिनिस्ट्रेसन तथा मास्टर अफ इञ्जिनियरिङ्ग इन जियोइन्फर्मेटिक्समा छात्रवृत्ति रकमको अनुमानित आर्थिक स्रोत आँकलन र व्यवस्थापन सम्बन्धी

(१) दुई वर्षे अवधिको मास्टर इन ल्याण्ड एडमिनिस्ट्रेसन तथा मास्टर अफ इञ्जिनियरिङ्ग इन जियोइन्फर्मेटिक्स कोर्षहरुको अध्ययनका लागि पहिलो व्याचका लागि लाग्ने शुल्क प्रति विद्यार्थी कूल रू. ३७०,०००/- (अक्षरेपी तीन लाख सत्तरी हजार मात्र) (धरौटी रकम बाहेक) हुनेछ। आगामी व्याचदेखि कोर्षको शुल्कमा हुने परिवर्तन विश्वविद्यालयको नियमानुसार हुनेछ।

(२) यस सहमति पत्र अनुसार ४ व्याच सञ्चालन गर्न प्रति वर्ष आवश्यक पर्ने छात्रवृत्ति रकम देहाय बमोजिम आँकलन गरिएकोछ।

| आ. व. | शुल्कको अनुमानित जम्मा लागत (रु हजारमा) | केन्द्रले छात्रवृत्ति वापत भुक्तानी गर्ने (रु हजारमा) | विश्वविद्यालयले विद्यार्थीबाट संकलन गर्ने (रु हजारमा) |
|---|---|---|---|
| २०७६/०७७ | ४,७२० | २,३६० | २,३६० |
| २०७७/०७८ | २,९२० | १,४६० | १,४६० |
| २०७८/०७९ | ४,७२० | २,३६० | २,३६० |
| २०७९/०८० | २,९२० | १,४६० | १,४६० |
| २०८०/०८१ | ४,७२० | २,३६० | २,३६० |
| २०८१/०८२ | २,९२० | १,४६० | १,४६० |
| २०८२/०८३ | ४,७२० | २,३६० | २,३६० |
| २०८३/०८४ | २,९२० | १,४६० | १,४६० |
| कूल जम्मा | ३०,५६० | १५,२८० | १५,२८० |

(३) केन्द्रले यन्त्र उपकरण/प्रयोगशाला/पुस्तकालय शुल्क, धरौटी वापतको रकम र यन्त्र उपकरण मर्मत गर्दाको खर्च वा मर्मत नहुने अवस्थामा यन्त्र उपकरणको कूल लागत वापतको रकम कट्टा गर्नु पर्ने भएमा भुक्तानी गरिने कूल छात्रवृत्ति रकमबाट कट्टागरी बाँकी रकम विश्वविद्यालयलाई भुक्तानी गर्नेछ।

अनुसुची-३

(सहमति पत्रको दफा ५ को उपदफा (२) र दफा ६ को उपदफा (१) संग सम्वन्धित)

## यन्त्र उपकरण भाडामा प्रयोग गर्दाको कायम दररेट

(१) केन्द्रले व्याचलर अफ इञ्जिनियरिङ्ग इन जियोम्याटिक्स इञ्जिनियरिङ्ग कोर्षको फिल्डकार्य, प्राक्टिकल कार्य, प्रोजेक्ट कार्य अध्ययन अनुसन्धान कार्य वा यस्तै किसिमका अन्य कार्यका लागि केन्द्रका यन्त्र उपकरण भाडामा उपलब्ध गराउँदा देहाय अनुसार भाडा लिनेछ।

| सि.न. | यन्त्र उपकरणको नाम | भाडा दर प्रति दिन प्रति सेट (रू) | कैफियत |
|---|---|---|---|
| १ | Differential GPS (DGPS) | १५००।- | |
| २ | DGPS Post Processing Software | २५००।- | |
| ३ | Total Station | १५००।- | |
| ४ | Digital Level | १०००।- | |
| ५ | Theodolite T2 | ३००।- | |
| ६ | Theodolite T16 | २००।- | |
| ७ | Current Meter | ३००।- | |
| 8 | Echo Sounder | ३००।- | |
| 9 | Telescopic Alidade with Plane Table and Computing Scale | ४००।- | |
| 10 | Hand held GPS | १५०।- | |

(२) विश्वविद्यालयले प्रयोजन खुलाई यन्त्र उपकरण भाडामा उपलब्ध गराउन केन्द्रसंग माग गरेमा केन्द्रले विश्वविद्यालयका आधिकारिक प्रतिनिधिलाई हस्तान्तरण गराई यन्त्र उपकरण भाडामा उपलब्ध गराउनेछ।

(३) कार्य सम्पन्न भए पश्चात विश्वविद्यालयले आधिकारिक प्रतिनिधिका साथ यन्त्र उपकरण फिर्ता गर्नुपर्नेछ। केन्द्रले यन्त्र उपकरण प्राप्त भएको जानकारी विश्वविद्यालयलाई गराउनेछ।

(४) यन्त्र उपकरण प्रयोग गरेको दिन गणना गर्दा बुझेको मिति र फिर्ता गरेको मिति सम्मको जम्मा दिन गणना गरिनेछ। विश्वविद्यालयले सो वापतको रकम वार्षिक रुपमा भुक्तानी गर्नु पर्नेछ।

(५) भाडामा लिएको यन्त्र उपकरणको पूर्ण सुरक्षा विश्वविद्यालयले गर्नु पर्नेछ। प्रयोगका क्रममा लापरवाहीका कारण यन्त्र उपकरणहरु बिग्रेमा वा टुटफुट भएमा सो को मर्मत कार्य विश्वविद्यालयले गर्नु पर्नेछ। यदि मर्मत हुन नसक्ने भएमा सो यन्त्र उपकरणको कूल लागत विश्वविद्यालयले व्यहोर्नु पर्नेछ।

अनुसुची-४

(सहमति पत्रको दफा ६ को उपदफा (६) संग सम्बन्धित)

## यन्त्र उपकरण/पुस्तकालय/प्रयोगशाला धरौटी सम्बन्धी

(१) कोर्षमा अध्ययन गर्न भर्ना हुन आउने विद्यार्थीले केन्द्रको यन्त्र उपकरण/पुस्तकालय/प्रयोगशाला प्रयोग गर्न देहाय अनुसार रकम धरौटी राख्नुपर्नेछ।

| सि.न. | धरौटी विवरण | प्रति विद्यार्थी धरौटी वापतको रकम (रु) | कैफियत |
|---|---|---|---|
| १ | यन्त्र उपकरण/पुस्तकालय/प्रयोगशाला धरौटी | १०,०००।- | |

(२) विश्वविद्यालयले केन्द्रको यन्त्र उपकरण/पुस्तकालय/प्रयोगशाला प्रयोग गर्ने विद्यार्थीको सूची र सो सूची अनुसारको जम्मा धरौटी रकम केन्द्रलाई पठाउनेछ।

(३) विश्वविद्यालयबाट प्राप्त त्यस्तो धरौटी रकम केन्द्रले व्यवस्थित अभिलेख राखी धरौटी खातामा जम्मा गर्नेछ।

(४) केन्द्रले धरौटी रकम नराख्ने विद्यार्थीलाई यन्त्र उपकरण/पुस्तकालय/प्रयोगशाला प्रयोग गर्न दिने छैन।

(५) प्रयोगको क्रममा विद्यार्थीबाट भएको लापरवाहीका कारण बिग्रेमा वा टुटफुट भएमा सो को अभिलेख राखी पढाई सम्पन्न पश्चात कट्टा गर्नुपर्ने भए कट्टा गरी बाँकी रकम सम्वन्धित विद्यार्थीलाई फिर्ता गरिनेछ।

(६) छात्रवृति प्राप्त गर्ने कर्मचारीले नियामानुसार राख्नु पर्ने धरौटी रकम आफैंले व्यहोर्नु पर्नेछ।

नेपाल सरकार
व्यवस्थापन प्रशिक्षण केन्द्र
धुलिखेल, काभ्रेपलाञ्चोक

KATHMANDU UNIVERSITY
1991